गौमुल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घण्टेमुना, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

☎ ९८४८४९२७२७

प. सं. २०८२।०८३
च. नं. ९०५

मितिः २०८२।०५।०५
ने. सं. ११४५ गुंलागा १३ बुधबार

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना**

**श्री जो जससँग सम्वन्धित छ।**

उपर्युक्त विषयमा श्री जनज्योति माध्यमिक विद्यालय गौमुल गाउँपालिका २ बाजुरामा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवा प्रक्रिया अगाडि बढाइ दिन भनि विद्यालयको च.नं.४९ मिति २०८२।०५।०४ को पत्रबाट अनुरोध भई आएकाले सम्वन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्वन्धि निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयमा निवेदन पेश गर्न सकिने छ। (सम्मर्क नं. ९८६६१०७९०४)।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

जगदिश प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाई, मार्तडी बाजुरा।
श्री जनज्योति माध्यमिक विद्यालय गौमुल २, दहकोट बाजुरा।